# नेपाल सरकार
# विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्याः
चलानी नं.

सिंहदरवार
काठमाडौं, नेपाल ।

## राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्का सदस्य पदमा सिफारिस माग सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः *वि.सं. २०८३/०७/०९* | *ने.सं. ११४६ कौलाथ्व १५*

नेपालको संविधानको धारा ११४ बमोजिम "विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३" जारी भएको छ। अध्यादेशको दफा ३ मा विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको उन्नयन र विकासका लागि नीतिगत, कानूनी, संस्थागत सुधार, प्राथमिकता निर्धारण, समन्वय, सहजीकरण र स्रोत परिचालन सम्बन्धमा नीतिगत मार्गनिर्देश गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा **राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्** रहने व्यवस्था छ। उक्त परिषद्मा अध्यादेशको दफा ३ को उपदफा (१) खण्ड (छ) बमोजिम उपाध्यक्षको सिफारिसमा अध्यक्षले विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रका प्राविधिज्ञ, इन्जिनियर, अनुसन्धानकर्ता, विशेषज्ञ, प्राज्ञ तथा प्रविधि, नवप्रवर्तन, उद्योग व्यवसाय क्षेत्रमा विशेष अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट कम्तीमा दुई जना महिलासहित छ जना सदस्य मनोनयन गर्ने व्यवस्था रहेको छ।

उक्त व्यवस्थाबमोजिमको सदस्य मनोनयनका लागि सिफारिस गर्ने प्रयोजनार्थ विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रका प्रतिष्ठित व्यक्ति तथा संस्थाहरुले परिषद्को सदस्य हुन योग्य र सक्षम व्यक्तिहरूलाई सिफारिस सहितको व्यक्तिगत विवरण (CV) यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस मन्त्रालयको इमेल ठेगाना info@mosti.gov.np मार्फत उपलब्ध गराइदिनु हुन सम्बन्धित व्यक्ति तथा संस्थाहरूलाई अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

फोन नं. : ०१-४२००५३९, ४२००५४० | इमेलः info@mosti.gov.np
वेवसाइट : https://mosti.gov.np